नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड (NMIC) को साधारण शेयर सूचीकरण गरिएको

# सूचना

आज मिति २०८१/१२/२१ गते नेपाल स्टक एक्सचेन्ज लिमिटेड र नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड (नेप्से सिम्बोल NMIC) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको ७५,००,००० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष एनआइएमबि एस क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारण शेयरधनीहरु (वैदेशिक रोजगारीमा रहेका नेपाली, सामूहिक लगानी कोष र कर्मचारीहरु समेत) मा वितरण गरिएको २२,५०,००० कित्ता (३०%) र कम्पनीका संस्थापक शेयरधनीहरुले लगानी गरेको ५२,५०,००० कित्ता (७०%) शेयर समेत गरी जम्मा ७५,००,००० कित्ता (१००%) साधारण शेयर धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८१/१२/२० गतेको निर्णयानुसार सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्च** : धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो कारोवार दिनवाट उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय भरतपुर, चितवन रहेको र सूचीकरण पश्चात् दिनुपर्ने RTS सेवा हिमालयन इन्भेष्टमेन्ट बैंकर लिमिटेड, बानेश्वर, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

फोन नं.: ०१-५३५०७५५/५६/५८

मिति : २०८१/१२/२१